# नेपाल राष्ट्र बैंक

## मुद्रा व्यवस्थापन विभाग

थापाथलीको

रुपैयाँ ५०० दरको नोट चलनचल्तीमा ल्याउने बारेको

### सूचना

यस बैंकले रुपैयाँ ५०० दरको साविककै आकार तथा रंगमा तर साविकको दुई वटा बाघहरुको चित्रको सट्टामा एउटा मात्र पाटेबाघको चित्र रहेको, सङ्केत नं. ङ/४६ ००००0१ देखि छ/४० ९९९९९९ सम्म, "नेपाल सरकारको जमानत प्राप्त यसको रुपैंयाँ भुक्तानी माग्न आएमा नेपाल राष्ट्र बैंकबाट रुपैंयाँ ५०० रुपैयाँ पाँच सय तुरुन्त पाइने छ ।" भन्ने प्रतिज्ञामूलक वाक्यांश सहित देहाय बमोजिमका विशेषताहरू भएको नोट यही २०७५ साल बैशाख महिना १२ गते देखि चलनचल्तीमा ल्याउने हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै, साबिकमा चलनचल्तीमा रहेका रु. ५०० दरका सम्पूर्ण नोटहरु चलनचल्तीमा यथावत् रहने व्यहोरा समेत अनुरोध छ ।

**नोटको अग्र भागमा :-**

१. नोटको बायाँतर्फ सगरमाथा हिमालको चित्र रहेको ।

२. नोटको दायाँतर्फ लालीगुराँसको पानी छाप रहेको ।

३. नोटको तल्लो भागमा गभर्नर डा. चिरंजीबि नेपालको दस्तखत रहेको ।

४. नोटको तल्लो भागको बोर्डरमा नोटको Series Number नेपालीमा वि.सं. २०७३ लेखिएको ।

५. ३.५ मि.मी. चौडा भएको रंग परिवर्तन हुने (नोटलाई सीधा हेर्दा रातो रंग र ढल्काएर हेर्दा हरियो रंग देखिने) सुरक्षण धागो रहेको ।

६. सगरमाथा हिमालको दायाँतर्फको तल्लो भागमा रहेको अण्डाकार भित्र रंग परिवर्तन हुने (नोटलाई सीधा हेर्दा सुनौलो रंग र ढल्काएर हेर्दा हरियो रंग देखिने) कुबेरको चित्र रहेको ।

७. लालीगुराँसको पानी छापको बायाँतर्फ फरक क्षमता भएका (दृष्टिविहीन) हरुले छामेर नोट पहिचान गर्न सक्ने गरी दुईवटा कालो थोप्लाहरु रहेको ।

**नोटको पृष्ठ भागमा :-**

१. नोटको माथिल्लो भागमा अंग्रेजीमा NEPAL RASTRA BANK लेखिएको ।

२. नोटको बीच भागमा एउटा पाटेबाघको चित्र रहेको ।

३. नोटको तल्लो भागमा अंग्रेजीमा RUPEES FIVE HUNDRED लेखिएको ।

४. नोटको तल्लो भागको बोर्डरमा नोटको Series Number अंग्रेजीमा 2016 A.D. लेखिएको ।

*"नोट राष्ट्रको सम्पत्ति हो, यसको जतन गरौं ।"*

उल्लिखित विशेषताहरु सहितको सूचनामूलक दृश्यचित्र मिति २०७५ बैशाख १२ गते नेपाल टेलिभिजनमा ८ बजेको समाचार अघि र मिति २०७५ बैशाख १४ गते नेपाल टेलिभिजनमा ८ बजेको समाचार पछिको व्यापारिक विश्राममा हेर्न नभुल्नु होला ।

३४२६